(स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित कार्यपालिका सदस्यहरुको प्रथम बैठक)

आजमिति२०७९ साल जेष्ठ महिनाको १५ गते आइतबार अपरान्ह १२:३० बजे मालिका गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष श्रीमान वेग प्रसाद गर्बुजाको अध्यक्षतामा तपसिलमा उल्लिखित नवनिर्वाचित कार्यपालिका सदस्यहरुको बैठक अध्यक्ष ज्यूको कार्यकक्षमा उल्लिखित प्रस्ताव माथि छलफल गरी निर्णयार्थ बस्यो ।

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य

अन्य उपस्थितिः

श्री सोम बहादुर खत्री, योजना अधिकृत, छैठौं

श्री नमनारायण ढुंगाना, इन्जिनियर, छैठौं

श्री विजय सुबेदी, सूचना तथा सञ्चार प्रविधि अधिकृत, छैठौं

श्री अशोक रिजाल, शिक्षा अधिकृत, छैठौं

श्री सागर पौडेल, लेखापाल, पाँचौ

श्री लिलाधर ढुँड्रे, कार्यालय सहायक

श्री अनिष शर्मा अधिकारी, आन्तरिक लेखा परीक्षक सहायक

प्रस्तावहरुः

१. ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका सम्बन्धमा
२. समिति गठन सम्बन्धमा
३. गाउँपालिकाको खाता सञ्चालन सम्बन्धमा
४. शिवरात्री खोला झोलुंगे पुलको श्रोत सुनिश्चितता सम्बन्धमा
५. अमरज्योति मा.वि. भवन निर्माण सम्बन्धमा
६. दरबाङ स्वास्थ्य केन्द्रलाई USG Machine, X-ray Machine प्रदान गर्न साझेदारी प्रस्ताव सम्बन्धमा
७. रुम खोला लघु जलविद्युत मर्मत सम्बन्धमा
८. वडा सचिव प्रोत्साहन सम्बन्धमा
९. किसानी मा.वि., बिमको जग्गा खरिद सम्बन्धमा
   खानेपानी पाइप माग सम्बन्धमा
१०. नदिजन्य पदार्थको चोरी निकासी बापत सजाय सम्बन्धमा
११. विविध

निर्णयः

१. प्रस्ताव नं १ माथि छलफल हुँदा तपसिलमा उल्लिखित कार्यविधि, ऐन, नियमावली, मापदण्डहरु उपर दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

देव प्रसाद गर्बुजा
अध्यक्ष

(क) प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

(ख) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९

२.

(क) प्रस्ताव नं २ माथि छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम तपसिल बमोजिमको स्थानीय राजश्व परामर्श समिति गठन गरियो ।

तपसिल

स्थानीय राजश्व परामर्श समितिः

श्री लक्ष्मी देवी घर्ती पुन — संयोजक

श्री हेमराज काफ्ले — सदस्य

श्री देवी पटेल — सदस्य

श्री मन कुमारी पुन — सदस्य

श्री

श्री

श्री सोम बहादुर खत्री — सदस्य सचिव

(ख) प्रस्ताव नं २ माथि छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम तपसिल बमोजिमको 'स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति' गठन गरियो ।

तपसिल

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

श्री बेग प्रसाद गर्बुजा — संयोजक

श्री लक्ष्मी देवी घर्ती मगर पुन — सदस्य

श्री दल बहादुर खड्काथोकी — सदस्य

श्री मिम पुन — सदस्य

श्री छरदेवी घर्ती — सदस्य

श्री प्रतीक्षा वि.क. — सदस्य

श्री हेमराज काफ्ले — सदस्य सचिव

(ग) प्रस्ताव नं २ माथि थप छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम तपसिल बमोजिमको 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' गठन गर्ने निर्णय गरियो ।

तपसिल

बजेट तथा कार्यक्रम तर्जुमा समिति

श्री लक्ष्मी देवी घर्ती मगर पुन — संयोजक

श्री पथ बहादुर रोका — सदस्य

श्री मोति प्रसाद बुढा — सदस्य

श्री टक बहादुर पुन — सदस्य

श्री हेमराज काफ्ले — सदस्य

श्री सोम बहादुर खत्री — सदस्य सचिव

३. प्रस्ताव नं ३ माथि छलफल गरी गाउँपालिकाको खाता सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखत प्रयोग हुने व्यवस्था रहेकोमा हाल लेखा अधिकृत सरुवा भई अन्यत्रै गएकोले लेखा अधिकृत नियुक्त वा सरुवा भई नआउँदासम्म प्रमुख प्रशासकीय अधिकृत र लेखापालको संयुक्त हस्ताक्षरमा सञ्चालन गर्ने निवर्तमान अध्यक्ष स्तरीय निर्णय अनुमोदन गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गरी शिवरात्री खोलाको झोलुङ्गे पुल तत्काल मर्मत गर्नुपर्ने भएकोले प्राविधिकबाट लागत अनुमान तयार गराई विपद कोषबाट खर्च गर्ने गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री अमरज्योति मा.वि. डाँडागाउँलाई चार कोठे भवन निर्माणका लागि छत्तिस लाख रुपैयाँ विनियोजन भएकोमा उक्त रकम अपुग हुने प्राविधिकबाट तयार भएको लागत अनुमानबाट ठहर हुन आएकोले उक्त चार कोठे भवन निर्माणका लागि समपूरक कोषबाट रु १५,००,००० (अक्षरेपि: पन्ध्र लाख रुपैयाँ) थप गरिदिने निर्णय गरियो ।

केम प्रसाद गर्बुजा
अध्यक्ष

६. प्रस्ताव नं ६ माथि छलफल गरी लायन्स क्लब अफ दरबाङ म्याग्दीले पेश गरेको दरबाङ स्वास्थ्य केन्द्रलाई USG Machine, X-ray DR Set सहयोग साझेदारी प्रस्ताव स्वीकृत गर्दै उक्त प्रस्ताव गर्ने क्लबसँग सम्झौता गर्ने र गाउँपालिकाको समपुरक कोषबाट खर्च हुने गरी १,५०,००० (अक्षरेपि: एक लाख पचास हजार रुपैयाँ मात्र) भुक्तानी गर्ने र दरबाङ स्वास्थ्य केन्द्रलाई USG Machine, X-ray DR Set तत्काल उपलब्ध गराउन प्रस्तावकलाई पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गरी रुम खोला लघु जलबिद्युत आयोजनास्थलमा मर्मत सम्भार गरी करिब ८०० घर धुरी लाभान्वित भैरहेको उक्त लघु जलबिद्युतको सञ्चालन सहज बनाउन प्राविधिकबाट लागत अनुमान गराई विपद शिर्षकबाट खर्च लेख्ने/लेखाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गरी मालिका गाउँपालिकामा कार्यरत वडा सचिवहरुलाई प्रोत्साहन गर्न प्रति वडा सचिव मासिक रुपमा २०७९ जेष्ठ महिना देखि लागु हुने गरी २,५०० (अक्षरेपि: दुई हजार पाँच सय रुपैयाँ मात्र) मालिका प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गरी श्री किसानी मा.वि., मालिका-७ बिम को मिति २०७९/०१/०५ को व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम विद्यालय हाता नजिकको जग्गा धनी प्रमाण पुर्जाको ९/क २२१ कित्ता नं २२१ लगभग १.६३३ रोपनीको बाजे नैवर जुग्जाली, बाबु मति प्रसाद जुग्जालीको छोरा कली प्रसाद जुग्जालीको स्वामित्वको जग्गा तथा वडा नं ७ कै कर्ण बहादुर पुनको छोरा मनबहादुर पुन ङ/क कित्ता नं ४६९ क्षेत्रफल ०.१५४० को जग्गा रु १५,००,००० (पन्ध्र लाख रुपैयाँ मात्र) मा खरिद गरी विद्यालयको नाममा पास गरी लिन सहमति प्रदान गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गरी खानेपानी तथा सिंचाईका लागि पाइप माग भई परेका निवेदन माथि आवश्यकताको आधारमा विपन्न एवम् कृषकलाई प्राथमिकतामा राखी कारवाही गर्ने र गाउँपालिकाबाट पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

११. मालिका गाउँपालिकाको अधिकार क्षेत्रभित्रका नदीहरुमा रहेका नदीजन्य सामग्री, दहत्तर बहत्तरको चोरी निकासी गरेको पाइए चोरी निकासीमा संलग्न हुने सवारी साधन नियन्त्रणमा लिने र तपसिल बमोजिमको प्रशासनिक जरिवाना तिराउने र जरिवाना रकमको २५% को हुन आउने रकम नेपाल प्रहरी, वन कार्यालय वा नागरिकलाई प्रोत्साहन वापत उपलब्ध गराउने निर्णय गरियो ।

केश प्रसाद गर्बुजा
अध्यक्ष

तपसिलः

| प्रयोग हुने सवारी साधन / पटक (एक आर्थिक वर्षमा) | ट्र्याक्टर | ट्रीपर |
|---|---|---|
| प्रथम | १५,०००/- | ३०,०००/- |
| दोस्रो | २५,०००/- | ४०,०००/- |
| तेस्रो | ४०,०००/- | ५०,०००/- |
| चौथो | साधन जफत गर्ने | साधन जफत गर्ने |

१२. विविध शिर्षक अन्तर्गत छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

(क) मालिका गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरु अभिभावकवर्गको व्यापक मागका कारण साविक बमोजिम नै आइतबार देखि शुक्रबारसम्म सञ्चालन गर्ने/गराउने ।

(ख) अधिभारा स्थित दार्जुङ खोलामा रहेको कच्ची पुल रुग्ण अवस्थामा रहेको र बर्षायाममा आवतजावतमा कठिनाई हुने भएकोले उक्त पुल तत्काल मर्मत गर्न प्राविधिकबाट लागत अनुमान तयार गराई मर्मत गर्ने/गराउने र उक्त मर्मत बापत लाग्ने खर्च विपद शिर्षकबाट व्यहोर्ने ।

(ग) वडा नं ५ स्थित सरस्वति आ.वि. घेराबार गरी पाल्तु जनावर लगायतबाट पठनपाठनमा परिरहेको प्रभाव नियन्त्रण गर्दै विद्यालय सञ्चालनमा सहज वातावरण बनाउन लागत अनुमान तयार गराई घेराबारको प्रक्रिया अगाडि बढाउने ।

(घ) स्थानीय तह सदस्य निर्वाचनका लागि गाउँपालिका अन्तर्गतका विभिन्न बाटोहरुमा स-सानो पहिरो गई अवरुद्ध भएको र उक्त बाटो सञ्चालन गराई सहज आवागमन गराउन जे.सि.बि. लगायतका हेभी इक्विपमेन्ट प्रयोग गराई पहिरो सोहोर्ने काम भएकोले हालसम्म भएका पहिरो सोहोर्ने कामको भुक्तानी विपद शिर्षकबाट दिने ।

(ङ) वडा नं ६ स्थित ढाडखर्कमा मिति २०७९/०१/१८ गते बेलुकी हावाहुरीले रुख ढाली राजन एण्ड विश्वास कृषि तथा पशुपन्छी फर्ममा क्षति पुगेको र उक्त क्षति बापत राहत माग गरी वडा नं ६ को कार्यालयबाट सिफारिस पेश भएकोले प्राविधिक तथा जनप्रतिनिधिले स्थल अवलोकन गरी उपयुक्त राहत रकम उद्धार तथा राहत शिर्षकबाट दिने ।

(च) तपसिलमा उल्लिखित विद्यालयहरुलाई तपसिल बमोजिम नै कक्षा थपको अनुमति प्रदान गरिएको ।

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | हाल सञ्चालनमा रहेका कक्षा | थपको अनुमति |
|---|---|---|---|
| १. | श्री ज्ञान विकास आ.वि., वडा नं २ | कक्षा १ देखि ३ सम्म | कक्षा ४ |
| २. | श्री रुम नमूना इङ्गलिस बोर्डिङ स्कूल, मालिका-२ | कक्षा १ देखि ४ | कक्षा ५ |
| ३. | श्री सिद्ध ज्योति बालविकास केन्द्र, मालिका-३ | बालविकास | कक्षा १ |
| ४. | भिम मा.वि., मालिका-५ | कक्षा १ देखि ११ सम्म | कक्षा १२ |
| ५. | श्री फ्युचर मन्टेश्वरी बोर्डिङ स्कुल, मालिका- ६ | कक्षा १ देखि ३ | कक्षा ४ |
| ६. | खारा बालविकास , मालिका-७ | बाल विकास (इ.सि.डी.) | कक्षा १ |

(छ) बिपन्न नागरिकलाई औषधोपचार गर्न राहत सम्बन्धी कार्यविधि पारित भई लागु नहुँदासम्मको लागि गाउँपालिका अध्यक्षको निर्णयानुसार अधिकतम प्रति बिपन्न बिरामी १५,००० (अक्षरेपिः पन्ध्र हजार रुपैयाँ मात्र) आवश्यकता र औचित्यका आधारमा प्रदान गर्ने ।